"खानेपानी, सडक, विद्युत, कृषि, पर्यटन, संचार, खेलकुद स्वास्थ्य, शान्तिसुरक्षा र शिक्षा:पौवादुङमावासीलाई उपलब्ध गराउने गाउँपालिकाको ईच्छा"

# पौवादुङमा गाउँपालिका

## गाउँपालिकाको कार्यालय

च्याङ्ग्रे भोजपुर

१ नं.प्रदेश,नेपाल

पत्र सङ्ख्या (Let.No):०७६/७७

चलानी नं.(Ref.No): 969

मिति (Date): २०७६/१२/२४

**बिषयः राहत प्राप्त गर्ने लाभग्राहीहरुको विवरण संकलन गर्ने सम्बन्धमा ।**

श्री वडा सचिवहरु

सबै वडा कार्यलय,

पौवादुङमा गाउँपालिका

प्रस्तुत सम्बन्धमा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापडण्ड, २०७६, मिति २०७६/१२/२४ को गाउँ कार्यपालिकाको निर्णय प्रति र कोभिड-१९ रोकथाम तथा नियन्त्रणका क्रममा भएको आवागमन निषेधबाट उत्पन्न परिस्थितीमा लक्षित परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धि मार्गदर्शन, २०७६ यसै पत्रसाथ पठाइएको छ । स्वीकृत मापदणडको अनुसूची-१ बमोजिमको लक्ष्यित परिवार विवरण संकलन मिति २०७६/१२/२७ गते भित्र गरि २८ गते १२ बजे भित्र लाभग्राहिहरुको सूची ताहाँको सूचाना पाटीमा टाँस गरी एक प्रति सोहि दिनभित्र गाउँपालिकाको कार्यालयमा आइपुग्ने गरी पठाइदिने व्यवस्था गर्नुहोला । साथै उक्त राहत वितरण कार्य, कोरोना रोकथाम, विदेशबाट आउने आगन्तुकको रेकर्ड र संक्रमितको रेकर्ड राख्ने र प्रतिवेदन गर्ने प्रयोजनार्थ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/१२/१९ को सचिवस्तरीय निर्णयानुसार ताहाँ वडाको वडा सचिवलाई सम्पर्क व्यक्तिको रुपमा निवेदन/गुनासो संकलन समेतको व्यवस्थाका लागि तोकिएको व्यहोरा जानकारी गराइन्छ ।

१२/२४

..............................

रमेश राई

प्रमुख प्रशासकिय अधिकृत